नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# ग्रामीण उद्यम तथा आर्थिक विकास आयोजना

हरिहरभवन, ललितपुर

## स्टार्ट अप अनुदानका लागि संयुक्त प्रोफाइल (Joint Profile) पेश गर्न म्याद थप गरिएको सूचना

**शुरु प्रकाशन मितिः २०७९।११।०९**

**म्याद थप गरिएको सूचना प्रकाशन मितिः २०८०।०२।०७**

ग्रामीण उद्यम तथा आर्थिक विकास आयोजनाको स्वीकृत वार्षिक कार्यक्रम अनुसार उत्पादक संस्था र खरिदकर्ताहरुलाई उत्पादनमूलक साझेदारी **(Productive Partnership)** को अवधारणामा स्टार्ट अप अनुदानका लागि **"Start-up Grant Operating Manual – 2079"** अनुरुप उप-आयोजना सञ्चालनका लागि अनुसूची-३ बमोजिमको ढाँचामा आयोजना लागु भएका क्षेत्रका कृषि सँग सम्बन्धित बालीहरु, पशुपन्छीजन्य वस्तु, गैह्रकाष्ठ वन पैदावार **(NTFP)** र औषधीय र सुगन्धितजन्य विरुवा **(MAPs)** सँग सम्बन्धित उपजहरुको उत्पादन एवं प्रशोधनमा संलग्न वा इच्छुक उत्पादक संस्था (कृषि समूह, सहकारी, अन्य उत्पादक संघ) हरुलाई संयुक्त प्रोफाइल पेश गर्नका लागि १ महिना अवधि थप **(मिति २०८०।०३।१० सम्म)** गरिएको सूचना सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

## आयोजना लागु भएका सम्बन्धित जिल्लाका स्थानीय तहहरुः

### आर्थिक कोरिडोर कार्यालय धनकुटा अन्तर्गतका १३ जिल्लाका ४० स्थानीय तहहरु

**पाँचथरः** फालेलुङ, याङवरक, हिलिहाङ, फिदिम; **तेह्रथुमः** आठराई, फेदाप, म्याङलुङ, लालीगुराँस; **धनकुटाः** छथर जोरपाटी, धनकुटा, महालक्ष्मी, पाखिबास; **भोजपुरः** अरुण, पौवादुङ्मा, टेम्केमैयुङ, भोजपुर; **खोटाङः** रावा बेसी, साकेला, हलेसी तुवाचुङ, दिक्तेल रुपाकोट मझुवागढी; **ओखलढुङ्गाः** मानेभञ्ज्याङ; **उदयपुरः** कटारी, **सिन्धुलीः** गोलन्जोर, फिक्कल; **रामेछापः** खाँडादेवी, सुनापति, मन्थली; **काभ्रेपलाञ्चोकः** भुम्लु, चौँरीदेउराली; **सिन्धुपाल्चोकः** इन्द्रावती, मेलम्ची, चौतारा साँगाचोकगढी; **नुवाकोटः** लिखु, म्यागङ, पञ्चकन्या, शिवपुरी, बिदुर; **धादिङः** नेत्रावती डबजोङ, त्रिपुरासुन्दरी, नीलकण्ठ।

### आर्थिक कोरिडोर कार्यालय बर्दिवास अन्तर्गतका ८ जिल्लाका ८४ स्थानीय तहहरु

**ससरीः** अग्निसाइर कृष्णासवरन, रुपनी, तिरहुत, बलान-बिहुल, राजगढ, विष्णुपुर, महादेवा, राजविराज, हनुमाननगर कंकालिनी, कञ्चनरूप, खडक, शम्भुनाथ, सुरुङ्गा, बोदेबरसाइन, डाक्नेश्वरी; **सिरहाः** नरहा, औरही, नवराजपुर, बरियारपट्टी, भगवानपुर, अर्नमा, मिर्चैया, धनगढीमाई, गोलबजार, कर्जन्हा, लहान, सिरहा; **धनुषाः** कमला, सबैला, धनुषाधाम, गणेशमान-चारनाथ, सहिदनगर, मिथिला, विदेह, जनकपुर; **महोत्तरीः** पिपरा, महोत्तरी, सम्सी, सोनमा, एकडारा, बर्दिबास, गौशाला, जलेश्वर, मनरा सिस्वा, रामगोपालपुर ; **सर्लाहीः** बागमती, गोडैता, ब्रह्मपुरी, कौडेना, रामनगर, पर्सा, हरिवन, ईश्वरपुर, लालबन्दी, बलरा, मलंगवा; **रौतहटः** गुजरा, वृन्दावन, चन्द्रपुर, गढीमाई, गौर, मौलापुर, परोहा, राजदेवी, राजपुर, **बाराः** पचरौता, फेटा, आदर्श कोतवाल, बारागढी, प्रसौनी, सिम्रौनगढ, कोल्हवी, निजगढ, महागढीमाई, जितपुर-सिमरा, कलैया; **पर्साः** बिन्दबासिनी, जगरनाथपुर, जिराभवानी, पटेर्वा सुगौली, सखुवा प्रसौनी, ठोरी, बहुदरमाई, विरगन्ज।

### आर्थिक कोरिडोर कार्यालय बुटवल अन्तर्गतका ९ जिल्लाका ३० स्थानीय तहहरु

**गोरखाः** आरुघाट, भीमसेन थापा, सिरानचोक, बारपाक सुलिकोट, पालुङटार; **लमजुङः** मध्य नेपाल, राईनास, सुन्दरबजार; **कास्कीः** माछापुच्छ्रे, मादी, रुपा, अन्नपूर्ण, पोखरा; **पर्वतः** मोदी, कुश्मा; **बागलुङः** वडिगाड, काठेखोला, निसीखोला, बागलुङ, ढोरपाटन, गल्कोट; **दाङः** राप्ती; **अर्घाखाँचीः** शीतगंगा; **प्यूठानः** ऐरावती, माण्डवी, सरुमारानी, प्यूठान, स्वर्गद्वारी; **रोल्पाः** सुनिलस्मृति, रोल्पा।

## आर्थिक कोरिडोर कार्यालय डडेल्धुरा अन्तर्गतका ५ जिल्लाका १७ स्थानीय तहहरु

**कैलाली:** चुरे, गोदावरी, धनगढी; **डोटी:** जोरायल; **डडेल्धुरा:** अजयमेरु, गन्यापधुरा, नवदुर्गा, आलिताल, अमरगढी; **बैतडी:** सुर्नया, डिलासैनी, दोगडाकेदार, पाटन; **दार्चुला:** दुहुँ, मालिकार्जुन, शैल्यशिखर, महाकाली।

## अनुदानको सिमाः

संयुक्त प्रोफाइलबाट छनौट भइ व्यावसायिक योजनामा समेत योग्य ठहरिएका उत्पादक संस्थाहरुलाई उप-आयोजनामा उल्लेख गरिएको रकमको बढीमा ५० प्रतिशत रकम समपूरक अनुदानको रुपमा आयोजनाबाट उपलब्ध हुनेछ। बाँकी ५० प्रतिशत रकम उत्पादक संस्थाले नगद मै व्यहोर्नुपर्दछ।

## संयुक्त प्रोफाइल पेश गर्नुपर्ने अन्तिम म्याद र स्थानः

मिति २०८०।०३।१० गते भित्र तल उल्लेखित सम्बन्धित आर्थिक कोरिडोर कार्यालयमा पेश गर्नुपर्नेछ। अनलाइन आवेदन पेश गर्न चाहेमा तल उल्लेखित सम्बन्धित आर्थिक कोरिडोर कार्यालयको ईमेल ठेगानामा पठाउन सकिनेछ। रित पुर्वक दर्ता नभएका र म्याद नाघी आएका आवेदन उपर कुनै कारवाही गरिने छैन।

## अनुदान कार्यान्वयनको व्यवस्थाः

छनौट भएका संयुक्त प्रोफाईलहरुको व्यावसायिक योजना तयारीमा आयोजनाले सहयोग गर्नेछ। व्यावसायिक योजना छनौट भएमा सम्झौता भई उप-आयोजना कार्यान्वयनमा लगिनेछ। उप-आयोजना प्रस्तावमा उल्लेख भएका चरणमा कार्यसम्पादन प्रगतिको आधारमा अनुदान रकम उपलब्ध गराइनेछ।

## आवश्यक मापदण्डः

उत्पादनमूलक साझेदारीका लागि एउटा उत्पादक संस्था र एउटा खरदिकर्ता हुनुपर्दछ।

### उत्पादक संस्थाको हकमाः

- उत्पादक संस्थाहरु सम्बन्धित सरकारी निकायमा दर्ता भएको हुनुपर्नेछ। नयाँ कृषक समूहहरु दर्ता नभइसकेको खण्डमा समेत आवेदन दिन सक्नेछन्।
- उत्पादक संस्थाहरु तथा तिनको कार्यक्षेत्र आयोजना लागु भएका स्थानीय तहहरु अन्तर्गत हुनुपर्नेछ।
- उप-आयोजना सञ्चालनमा संलग्न हुने सदस्यहरु उप-आयोजना सञ्चालन हुने क्षेत्रको वासिन्दा हुनुपर्नेछ।
- उत्पादक संस्था कम्तिमा १५ सदस्यीय हुनुपर्नेछ र प्रत्येक सदस्यको कम्तिमा ०.१ हेक्टर (२ रोपनी/३ कठ्ठा) जग्गा भएको हुनुपर्दछ। ३ हेक्टर भन्दा बढी जग्गा भएका ठूला कृषकहरुलाई कूल सहभागी हुने सदस्य संख्याको २० प्रतिशत ननाघ्ने गरी संलग्न गर्न सकिनेछ।
- उत्पादक संस्था र यसका सदस्यहरु कर बक्यौतामा र कुनै वित्तीय संस्था वा सरकारी निकायद्वारा कालोसूचीमा परेको हुनुहुँदैन।
- उत्पादक संस्थासँग उप-आयोजना सञ्चालनका लागि आवश्यक पर्ने न्यूनतम श्रोत साधन भएको हुनु पर्दछ।
- कुनै व्यवसायमा संलग्न सहकारी र उत्पादक संघहरु घाटामा सञ्चालन भएको हुनुहुँदैन। कृषक समूह, सहकारी र उत्पादक संघहरुले कर चुक्ता प्रमाणपत्र पेश गर्नुपर्नेछ तर नयाँको हकमा यो अनिवार्य छैन।
- उत्पादक संस्थाहरु टाटपल्टेको (Bankruptcy) वा टाटपल्टिने अवस्था (Imminent Bankruptcy) मा हुनुहुँदैन।

### खरिदकर्ताको हकमाः

- खरिदकर्ता स्थानीय, क्षेत्रीय, राष्ट्रिय वा अन्तर्राष्ट्रिय स्तरमा कार्यरत जो पनि हुन सक्दछ।
- खरिदकर्ता कृषि सँग सम्बन्धित बाली, पशुपन्छीजन्य वस्तु, गैह्रकाष्ठ वन पैदावार, र औषधीय र सुगन्धितजन्य बिरुवा सँग सम्बन्धित उत्पादन वा त्यस्तै प्रकृतिको वस्तु खरिद/विक्री वा प्रशोधन वा बजारीकरणमा संलग्न भएको हुनुपर्दछ।

- खरिदकर्ता कुनै किसिमको कर बक्यौतामा र कुनै वित्तीय संस्था वा सरकारी निकायद्वारा कालोसूचीमा परेको हुनुहुँदैन।
- यदि खरिदकर्ता व्यावसायिक संस्थाको रूपमा रहेको छ भने सम्बन्धित सरकारी निकायमा दर्ता भएको हुनुपर्दछ।

## संयुक्त प्रोफाइल पेश गर्दा संलग्न गर्नुपर्ने कागजातहरुः

- संयुक्ता प्रोफाइल आवेदन पेश गरेको निवेदन
- उत्पादक संस्थाको विधान
- संयुक्त प्रोफाइलमा दस्तखत र पेश गर्न कुनै सदस्यलाई अधिकार प्रत्यायोजन गरेको पत्र
- आवेदन पेश गर्न र अधिकार प्रत्यायोजन सम्बन्धी उत्पादक संस्थाको बैठकको निर्णयको प्रतिलिपी
- उत्पादक संस्था दर्ता भएको प्रमाणपत्र, भ्याट/प्यान दर्ता प्रमाणपत्र र कर चुक्ता प्रमाणपत्र
- उत्पादक संस्था र खरिदकर्ता बिच तोकिएको ढाँचामा गरिएको खरिद विक्री सम्झौता
- कुनै प्रकारको कर बक्यौता नरहेको र कुनै वित्तीय संस्था वा सरकारी निकायवाट कालोसूचिमा नपरेको स्वघोषणा पत्र
- अन्य कुनै पनि निकाय वा कार्यक्रमबाट उत्पादनमूलक साझेदारी अन्तर्गत गर्न लागेका क्रियाकलापहरुमा पहिले नै अनुदान प्राप्त नगरेको भन्ने स्वघोषणा
- **"Start-up Grant Operating Manual – 2079"** को अनुसूची १६ बमोजिमको वातावरणीय तथा सामाजिक सुरक्षा सम्बन्धी आचारसंहिताको प्रतिबद्धता पत्र
- **खरिदकर्ताको हकमा**
  - एकल खरिदकर्ताको भएमा नागरिकता वा पासपोर्टको प्रमाणित प्रतिलिपी
  - खरिदकर्ता कम्पनी भए, कम्पनी दर्ता प्रमाणपत्र, भ्याट/प्यान दर्ता प्रमाणपत्र र कर चुक्ता प्रमाणपत्र
  - कुनै प्रकारको कर बक्यौता नरहेको र कुनै वित्तीय संस्था वा सरकारी निकायवाट कालोसूचिमा नपरेको स्वघोषणा पत्र
  - खरिदकर्ता कम्पनीले कुनै सदस्यलाई उत्पादक संस्थासंग खरिद सम्झौता गर्न र आवेदन पेश गर्न अधिकार प्रत्यायोजन गरेको भए सो को पत्र

थप विस्तृत जानकारीका लागि निम्न कार्यालयहरुमा सम्पर्क राखी जानकारी लिन सकिनेछ।

**संयुक्त प्रोफाइल देहायका आर्थिक कोरिडोर कार्यालय र सम्पर्क कार्यालयहरुमा इमेल मार्फत समेत पेश गर्न सकिनेछ।**

| | |
|---|---|
| आर्थिक कोरिडोर कार्यालय, पाख्रिबास, धनकुटा र सम्पर्क कार्यालय धुलिखेल, काभ्रे<br>ईमेलः reedecodhankuta@gmail.com<br>सम्पर्क नं. ०२६-४०५१७१, ०११-६६५६०४ | आर्थिक कोरिडोर कार्यालय, बर्दिबास, महोत्तरी<br>ईमेलः reed.bardibas@gmail.com<br>सम्पर्क नं. ०४४-५५०७४८, ५५०७२४ |
| आर्थिक कोरिडोर कार्यालय, बुटवल, रुपन्देही र सम्पर्क कार्यालय पोखरा, कास्की<br>ईमेलः reedecobutwal45@gmail.com<br>reedbutwal.copokhara@gmail.com<br>सम्पर्क नं. ०७१-४२२०१७, ४२२१२७, ०६१-५७६२६३ | आर्थिक कोरिडोर कार्यालय, डडेल्धुरा<br>ईमेलः reed.dadeldhura@gmail.com<br>सम्पर्क नं. ०९६-५९०९९१, ५९०९९२ |

**पुनश्चः**

**१. यदी कुनै उत्पादक संस्थाले आफैले उपयुक्त खरिदकर्ता फेला पार्न नसकेको खण्डमा समेत संयक्त प्रोफाइल पेश गर्न सक्नेछ र सम्भव भए सम्म आयोजनाले उपयुक्त खरिदकर्ता सँग आबद्धता गराउनमा सहयोग गर्नेछ।**

**२. स्टार्ट-अप अनुदान सञ्चालन म्यानुअलको प्रावधान अनुरुप संयुक्त प्रोफाइलहरु प्राप्त हुनासाथ मूल्याङ्कन छनौट र सम्झौता प्रक्रिया आरम्भ भई जाने हुँदा यथासम्भव चाडो संयुक्त प्रोफाइल पेश गर्नुहुन अनुरोध छ।**

**नोटः स्टार्ट अप अनुदानका लागि संयुक्त प्रोफाइल पेश गर्ने सम्बन्धी शुरु र म्याद थप सम्बन्धी सूचना कान्तिपुर दैनिकमा क्रमशः मिति २०७९।११।०९ र २०८०।०२।०७ मा प्रकाशन गरिएको छ।**